भूमे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालयद्धारा आर्थिक वर्ष २०७४/०७५ मा सम्पन्न गरिएको

# सार्वजनिक सुनुवाइ कार्यक्रमको प्रतिवेदन

## २०७५

**सार्वजनिक सुनुवाइ संयोजन गर्ने व्यक्तिको नाम, थर र ठेगानाः**

संयोजनः जयमान बुढा, भूमे गापा २ काँक्री रुकुम पूर्व

कार्यक्रम सहजीकरणः शिखर विश्वकर्मा, भूमे गापा १ लुकुम रुकुम पूर्व

**२) सुनुवाई गरिएका विषयवस्तुहरुः**

क) आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रमको प्रगति विवरण

ख) चालु आवको वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा

ग) गाउँपालिकाले गरेका मुख्य मुख्य प्रगतिहरु

घ) गाउँपालिकाले आगामी आवमा लिने रणनीति र प्राथमिकताहरु

**३) कार्यक्रम आयोजना स्थलः** श्री शहिद शुक्र मा.वि. सिमा रुकुम पूर्व

**४) कार्यक्रम आयोजना गरिएको मिति र समयः**

**सुरु गरिएको समयः** २०७५ असार २७ गते बिहान १२ बजे

**समापन भएको समयः** २०७५ साल असार २७ गते साँझ ६:३० बजे

**५) कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा):**६ घण्टा ३० मिनेट

## ६) उठेका प्रश्न/जिज्ञासा र उत्तरः

| क्र.सं. | प्रश्नकर्ता/गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १. | रुपधन सुनार<br>भूमे ७ | • प्रश्नः काम सम्पन्न गर्दा कामको योजनाको सही इष्टिमेट नदिँदा काम गर्दा अन्यौलता भई उपभोक्ता समितिले दुःख पाएको अवस्था छ । इष्टिमेट कहिले दिइन्छ ?<br>• सुझावः आगामी आवमा भाद्र महिनामा सर्वे गरी उपभोक्ता समिति गठन गरी समयमा नै काम सुरुवात गर्नुपर्छ । | इ. सन्तोष घर्ति मगर | • स्थानीय तहको योजना सञ्चालन पहिलो वर्ष पनि भयो । योजना कार्यान्वयनका क्रममा पहिले इष्टिमेट गरेर सम्झौता गरी काम सुरू हुन्छ र योजना कार्यान्वयन हुन्छ । र अन्तिममा मूल्याङ्कन हुन्छ । इष्टिमेट नगरिएको होइन । गरिएकै हो यद्यपी जनशक्ति र समयको अभाव र योजनाको संख्या धेरै भएकाले अलि ढिला भयो । योजनाको न्यून मूल्याङ्कन किन हुन्छ भने जिल्ला दर रेट,क्षेत्रफल नाप क्वान्टिटीका आधारमा जति काम हुन्छ त्यति नै |
| २. | मदन बुढा मगर<br>भूमे ८ कुचिबाङ | • प्रश्न गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतः जनश्रमदान कागजमा मात्र सिमित हुन सक्ने खतरा हुन्छ भन्नु भयो । तर मान्छे घर घरबाट बोलाउँदा पनि आउँदैन अनि काम त गराउनै पर्यो । काम गर्दा श्रमदान वापतको रकम काटिँदा घाटा हुन्छ । श्रमदान नगरेर काम गर्न कसरी सकिन्छ ? | प्र.प.अ. श्रीचन्द्रसिंह श्रेष्ठ<br>गा.पा. अध्यक्ष श्री रामसुर बुढा मगर | • उपभोक्ता समितिबाट सञ्चालन गरिने योजनामा जनश्रमदान बेगर गर्न सकिँदैन र गरिनु हुँदैन । उपभोक्ता समितिबाट काम गर्दा जनश्रमदान गर्न मान्छे आउँदैनन् त्यो स्वभाविक हो । तर त्यसका पछाडि अन्य कारणहरु पनि हुन सक्छन्- जस्तो विकासका लाभ वितरण गर्दा उक्त व्यक्ति बञ्चित भएर पो सामूहिक काम गर्न निरुत्साहित भयो कि त्यस तर्फ पनि स्थानीयले ध्यान दिनु जरुरी छ । अर्को कुरा समाजमा भएका अन्तररंगका मानिसहरुलाई ठेगान लगाउन विकासमा योगदान नगरेमा अवसर र सेवाबाट बञ्चित गरिनेछ भन्ने पूर्व जानकारी गराएर काम थाल्ने गर्दा समाधान हुन्छ कि ? गाउँ टोलमा कसले कति योगदान गर्यो त्यसको लगत दुरुष्ट राखी सार्वजनिक गर्दा पनि त्यसको समाधान हुन सक्छ । विकासमा सामाजिक बञ्चिति गर्न सकिन्छ । सामाजिक नैतिकताबाट |

| | | | | |
|---|---|---|---|---|
| | | | | तान्न पनि सकिन्छ ।<br>● काममा लागेका ज्यालादारीहरु एक छिन आउने एकछिन काम गर्ने गर्दा यस किसिमका समस्या आएका होलान् । जनशक्ति परिचालनका सम्बन्धमा यस किसिमको तरिकाले उपभोक्ता समिति सदैव घाटामा जान्छ । सबैले काम गरेका छन् सबैले योगदान गरेका छन् भन्ने सबैलाई लाग्यो भने काम गर्न सबै पक्कै आउँछन् ।<br>● कोठामा बसेर इष्टिमेट गर्ने र मूल्याङ्कन गर्ने काम कुनै पनि हालतमा हुन्नन् र हुन दिइने छैन । कानूनमा जे लेखेको छ त्यही मात्र हुन्छ । क्वान्टिटीमा लेनदेनका आधारमा कम्प्रमाइज गरियो भने कारबाहीको भागिदार हुनेछन् । त्यो सह्य हुनेछैन भन्ने कुरामा हामी स्पष्ट छौं । कतिपय उपभोक्ता समितिका साथीहरु पनि आत्तिनु भएको छैन ।<br>● यसपालि सबै योजना उपभोक्ता समितिबाट परिचालन हुँदैनन् र सबै योजना ठेक्काबाट हुँदैनन् । साउनमा कार्य योजना निर्माण गर्दा त्यो पनि स्पष्ट हुन्छ । |
| ३. | सुनिल रोका मगर<br>भूमे ७ | ● जिज्ञासाः उपभोक्ता समितिको लेखा र प्राविधिकसँगको असन्तुष्टिको कुरा बुझ्दा जनश्रमदानले भएको धेरै पाइन्छ । यो कुरा सबै उपभोक्ता समितिले जनश्रमदान अनिवार्य भएको कुरा थाहा नपाएको हुन सक्छ ।<br>● सुझावः आगामी बजेट कार्यान्वयनका लागि आगामी श्रावण मसान्तभित्र सर्भे, इष्टिमेट र डिजाइन काम सम्पन्न गरी सबै उपभोक्ता समितिले सम्झौता गरिसक्ने ।<br>● उपभोक्ता समितिहरुलाई प्राविधिक, प्रशासनिक र कानूनी पाटोबाट प्रशिक्षण दिँदा कस्तो हुन्छ ?<br>● सबैले अपनत्व लिने खालको बनाउन सकिन्छ कि ? | गापा अध्यक्ष श्री रामसुर बुढा मगर | ● उपभोक्ता समितिका अध्यक्ष र सचिवलाई तालिमको कुरा प्रमुख प्रशासकीय अधिकृतले आफ्नो कार्ययोजनामा प्रस्तुत गरिसक्नुभएको छ ।<br>● नीतिगत रुपमा स्थानीय तहका सबै वडामा प्राविधिक रहने व्यवस्था भएपनि कर्मचारी पदपूर्ति भएको छैन । त्यसमा हामी सोँच्छौं र आन्तरिक व्यवस्थापन आवश्यकतानुसार परिचालन गर्छौं ।<br>● कुन योजना कहिले कार्यान्वयन कहिले हुने हो त्यसको निक्र्यौल श्रावण महिनामै तोकिनेछ । जनु चौमासिकमा तोकिएको छ त्यही चौमासिकमा कार्यान्वयन नहुने हो भने त्यसलाई अर्को चौमासिकमा कार्यान्वयन गरिनेछैन । |

| | | | | |
|---|---|---|---|---|
| | | | | • आगामी आवको योजना वडागत विवरण फ्लेक्स प्रिन्ट |
| ४. | दिपक पुन<br>भूमे ९ | • जिज्ञासा/द्विविधाः योजना इष्टिमेट मूल्याङ्कनको कुरा अहिले पेचिलो नै छ।<br>• चुनबाङमा विद्युत निर्माणको चरणमा सबैभन्दा पहिले गरियो तर भुक्तानीमा केही समस्या परियो। इष्टिमेट डिजाइन उहाँले गर्दा उहाँको अनुमानको दोब्बर मूल्य पर्न गयो।<br>• तार ११ हजार मिटर लाग्छ भन्नुभएको थियो हामीले निजी कन्सल्टेन्टबाट गर्दा बढी लाग्छ भनेको छ भन्दा नपुगेपछि थपौंला अहिले यति नै लाग्छ  भन्नु भयो। दुइजना प्राविधिकहरु आपसमा पन्छिने काम भयो।<br>• अनुगमनको पाटोमा वडा समितिका सदस्यहरुलाई छलफल र तालिम गरी त्यसमा तोकिनुपर्छ। चिर्कटोमा अनुगमनको सिफारिश आउनु सही हो कि होइन ? वडा कार्यालयबाट नै भुक्तानी सिफारिश भएपछि अनुगमन समितिको सिफारिश आवश्यक हो कि होइन ?<br>• तारल खोला खानेपानी सजिलै भुक्तानी भयो इष्टिमेट नचाहिएर भुक्तानी पाएको हो कि ?<br>• कतिपयले अनुगमन समितिको सिफारिश नलिएकोलाई पनि भुक्तानी भएको छ। | इ. सन्तोष घर्ति मगर | • इन्जिनियर भन्दैमा सबै कुरामा जानकार हुन्छ भन्ने होइन। म सिभिल इन्जिनियर भएकाले इलेक्ट्रिकल इन्जिनियरको कामको बारेमा पूरा एक्ज्याक्ट इष्टिमेट नहुन सक्छ। त्यसैले मैले भनेको जस्ताको तस्तै नहुन सक्छ। विजुलीको पोल तथा तार खरिदमा ठ्याक्कै निकाल्न सकिने अवस्था भएको हुन सक्छ।<br>• तारल खोला खानेपानीको कोटेसन किन चाहिएन भन्दा जिल्ला दररेट भएकोले र एक लाभन्दा कमको खरिद गर्नुपर्ने भएपछि कोटेसन चाहिएन। तर तार पोल खरिद गर्दा अनिवार्य रुपमा कोटेशन लिनुपर्छ।<br>• आन्तरिक कुरा नमिलेर फरकपन आयो भन्नु भयो मेरो बुझाइमा त्यसो भएको छैन। हामी सिद्धान्त र क्वान्टिटीको कुरा गर्ने भएकाले प्राविधिकपिच्छे फरक हुँदैन । |
| ५. | महेश श्रेष्ठ<br>भूमे ७<br>राजनीतिज्ञ | • नयाँ संरचनामा गएपछि अभ्यासका दृष्टिकोणले नितान्त नयाँ छौं। नियम कानून हामीले नै बनाउनु परेको अवस्था अवसर र चुनौति दुवै हो।<br>• गाउँपालिकालाई सेवा प्रवाह, जीवनस्तर अभिवृद्धि गर्नका लागि नमूना बनाउनु पर्ने नै छ।<br>• चालु आवको राम्रो र नराम्रो पाठ सिकेर आगामी दिनमा राम्रा योजना बनाउन सकिन्छ कि ?<br>• नीति कानूनहरु जनतासम्म पुग्न नसकेको अवस्था छ। | गाउँपालिका अध्यक्ष श्री रामसुर बुढा मगर<br><br>प्रमुख प्रशासकीय अधिकृत श्री चन्द्रसिंह श्रेष्ठ | • योजना तर्जुमाको सन्दर्भमा बजेट प्राथमिककीकरण र बजेट विनियोजन गर्दा गुरुयोजनाका मूल्य मान्यता, वस्तीदेखि वडास्तरसम्म गरिएका छलफल र प्राथमिकता तथा गाउँपालिकाले गरेका प्रतिवद्धताहरुका आधारमा शूत्रमा आधारित भएर विनियोजन गरिएको छ।<br>• गाउँपालिकाका लागि गौरवका आयोजना कार्यक्रमहरुका लागि गुरुयोजनालाई आधार बनाइएको छ।<br>• चालु आर्थिक वर्षको आयोजना व्यवस्थापन शीर्षकमा रहेको |

| | | | | |
|---|---|---|---|---|
| | | त्यसलाई कार्यान्वयनमा पनि जनताको सहभागिता खोज्नुपर्छ ।<br>● केही ठाउँहरुमा हामी राजनीतिक दलमा हामी स्थानीय सरकारसँगै पर्दा पछाडिबाट सहयोग गरियो ।<br>● आगामी दिनमा गुरुयोजनालाई आधार बनाएर योजना विनियोजन भएको छ । योजनाको पाटोमा आवश्यक पर्ने हतियारहरु उपलब्ध भएको छ कि छैन ? स्रोत साधन पनि पर्याप्त हुन जरुरी छ ।<br>● योजना कार्यान्वयनका सवालमा तालिम, प्रवर्द्धन गर्नुपर्छ । ठेक्का प्रणालीबाट काम गर्दा विकास ढिला हुन्छ । बरु जनसहभागिताका लागि अभिमुखीकरण गर्नुपर्छ । जनसहभागिता जुटाएर २० प्रतिशत पहिले नै कार्यान्वयन गर्दा उनीहरु झन ऋणको भारमा पर्छन् ।<br>● शिक्षाको सन्दर्भमा एक चरण विव्यस, प्रअ र जनप्रतिनिधी र बुद्धिजिवीहरु बीच अन्तर्क्रिया गोष्ठी गर्दा कस्तो हुन्छ ?<br>● लागत इष्टिमेट बनाउँदा स्थानीय सरकारबाट दुरीको हिसाबले ढुवानीका दृष्टिकोणले दररेट कायम गर्न सकिन्थ्यो कि ?<br>● वार्षिक योजना निर्माणका सम्बन्धमा एक चरण वडास्तरमा नीति नियम र योजनाहरु टोल टोलहरुमा जानकारी गराउँदा कस्तो हुन्छ ? गाउँपालिकामा बनेका नियम कानून तलसम्म पुग्न सकेको छैन । | | रकमबाट इन्जिनियर तथा ओभरसियरलाई आवश्यक पर्ने अधिकतम् सामाग्री करिब साढे चार लाख हाराहारीको सामाग्री खरिद गरिएको छ ।<br>● चालु आर्थिक वर्षमा उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षलाई थप क्षमता विकास र मौजुदा कानूनी व्यवस्थाका सम्बन्धमा सम्झौतापूर्व नै अभिमुखिकरण कार्यक्रममा सहभागी बनाउने योजना छ ।<br>● गाउँपालिकाका नीति तथा कार्यक्रम तथा गतिविधिहरुका बारेमा सबैलाई सुसूचित गराउन अधिकतम प्रयास गरिनेछ । आगामी आव देखि गाउँपालिकामा एउटा बुलेटिन प्रकाशन हुनेछ मासिक रुपमा । जसले आम सर्वसाधारणमा केही जिज्ञासा हल गर्ने विश्वास हामीले लिएका छौं । |
| ६. | रुपधन कामी | ● भूमे महोत्सवमा लागेको कुरा भूमे गाउँपालिकाले बजेट विनियोजन गर्ने तर व्यवस्थापन सञ्चालन अन्य संस्थाले गर्दा राम्रो लागेन ।<br>● प्रशासकीय अधिकृतले आरनको सामान कुटो बनाएर बेच्न पाइने छैन भन्नुभयो आरनको सामान कुटो बन्छ कि बन्दैन | अध्यक्ष श्री रामसुर बुढा मगर<br>प्रमुख प्रशासकीय अधिकृत श्री | ● हाम्रा योजनाहरु सबै उपभोक्ता समितिमार्फत नै गर्न सकिने भए त हामीलाई अन्य संघसंस्था खोज्नु पर्ने नै थिएन । केही योजनाहरु पहिले नै लगानी गर्नुपर्ने हुन्छन् । जसका लागि सूचीकृत संघसंस्था लगायतका माध्ययमबाट गर्नुपर्ने बाध्यताले भूमे महोत्सव उपभोक्ता समितिमार्फत गरिएको हो । |

| | | | | |
|---|---|---|---|---|
| | | त्यो कुरा उहाँले थाहा पाउनुपर्छ कि पर्दैन ? | चन्द्रसिंह श्रेष्ठ | • गाउँपालिकाबाट उपलब्ध कुनै पनि अनुदान सहयोगको सही सदुपयोग हुनुपर्छ । कुटो त उदाहरणको रुपमा प्रस्तुत गरिएको हो । |
| ७. | लिला प्रसाद सुनार वडा समिति सदस्य | • काम गर्दा गर्दै अधुरो राख्दा काम गर्दा गर्दै फाइल पेश गरेर काम सम्पन्न गर्न पाए हुन्थ्यो भन्ने जनगुनासो छ ।<br>• काम गर्दा गर्दै भुक्तानी दिए हुन्थ्यो | प्रमुख प्रशासकीय अधिकृत श्री चन्द्रसिंह श्रेष्ठ | • सरकारी कामलाई काम नसकेरै भुक्तानी दिन कानून बमोजिम नमिल्ने भएकाले दिन सकिँदैन । काम सम्पन्न नगरेरै फाइलमा सम्पन्न भनेर अगाडि बढाइयो भने सिफारिश गर्ने पेश गर्ने सबै कानून बमोजिमको कारबाहीमा पर्छन् । |
| ८. | जयकुमार पुन भूमे २ | • जनश्रमदानको सम्बन्धमा यदि बहुआयामिक र बहुक्षेत्रमा पर्ने खालको भएमा श्रमदान सम्बन्धित वडाको बासिन्दाले मात्र गर्नुपर्छ कि अरुले पनि गर्न सक्छन् ¿ | प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठ | • बहुक्षेत्र र बहुआयामिक क्षेत्रमा पर्ने योजनाहरूमा जनसहभागिता वापतको योगदान जुनसुकै वडाकोले गर्नुपर्ने भए पनि बढी जिम्मेवारी सम्बन्धित स्थानीयकै हुन्छ । उपभोक्ता समिति मार्फत योजना गर्दा लागत सहभागिता अनिवार्य नै हुन्छ । |
| ९. | सुनिल बुढा | • जलविद्युत क्षेत्रमा लगानी क्षेत्र बढाउ सकिन्छ कि सकिँदैन ? थबाङ खोलामा कम्तीमा २ देखि ३ सय किलोवाट विद्युत उत्पादनको सम्भावना भएकाले त्यतातिर अध्ययन सर्वे तर्फ ध्यान दिने कि ?<br>• गाउँपालिकाले हेभी इक्विपमेन्ट समेत खरिद गरिसकेको अवस्थामा हाल ती हेभी इक्विपमेन्टहरु कहाँ छन् ? वर्षायाम सुरु भएकाले ती इक्विपमेन्टहरुलाई तयारी अवस्थामा राख्न जरूरी छ ।<br>• गाउँपालिकाले यूवा विकास केन्द्र स्थापना गर्ने भनेको थियो । त्यसको प्रगति के भैरहेको छ ? | प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठ | • जलविद्युत लगायत तुलनात्मक लाभका क्षेत्रमा लगानी गर्न सकिन्छ र आगामी आवमा त्यस खालका योजनालाई ध्यान दिइएको छ ।<br>• गाउँपालिकाका हेभी इक्वीपमेन्ट खासगरी वर्षातको समयमा सडक सुचारु गर्न तयारी अवस्थामा राखिएका छन् ।<br>• यूवा विकास केन्द्रको सम्बन्धमा ठोस योजना बनिसकेको छैन । सम्भवतः आगामी आवसम्म कार्यविधि बन्छ । |
| १०. | लिखित मात्र आएको नाम नभएको | • पुरस्कार वितरणमा पुरस्कारको रकममा पनि कर कट्टी गरेर दिइयो । त्यो किन भयो ? त्यो पैसा कहाँ गयो ? | प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठ | • कानून भन्दा माथि कोही पनि हुँदैन । सरकारी कोषबाट भुक्तान हुने कुनै पनि प्रकारको भुक्तानीमा नियमानुसारको कर कट्टी हुन्छ । अग्रिम आयकर,मूल्य अभिवृद्धि कर, बहाल कर, पारिश्रमिक कर, पुरस्कार लगायतका भुक्तानी सरकारी कार्यालयमा बढी भन्दा बढी प्रचलनमा आउँछन् । यी सबैमा नियमानुसारको कर कट्टी हुन्छ र उक्त रकम नेपाल सरकारको कोषमा जम्मा हुन्छ । सम्बन्धित कार्यालय र व्यक्तिले खर्च गर्न |

| | | | | |
|---|---|---|---|---|
| | | | | पाउँदैन। यो हामी आम नागरिकले बुझ्नुपर्ने कुरा हो। |

**मन्तव्यमा समावेश भएका भावहरु**

**उपाध्यक्ष श्री मनकुमारी बुढा विष्टः**गत वर्ष हामीले पदभार ग्रहण गर्दै गर्दा केही नयाँपन, केही अन्यौलताका बीचबाट केही महत्वपूर्ण निर्णय र योजनाहरु लिएका थियौं। निश्चय नै हामीले पहिलो वर्षको योजना बनाउँदै गर्दा सरकार सञ्चालन कसरी हुन्छ भन्ने सन्दर्भमा पक्कै पनि पर्याप्त अनुभव र ज्ञान थिएन। त्यति हुँदा हुँदै पनि विभिन्न पक्षबाट हाम्रा वार्षिक योजना तथा कार्यक्रमका सम्बन्धमा सकारात्मक प्रतिकृयाहरु प्राप्त भए जसलाई मैले सकारात्मक पाइलाको रुपमा लिएको छु। चालु आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दै गर्दा बजेट तर्जुमा समितिको संयोजकको हैसियतले मलाई केही चुनौति र अवसर थियो। खासगरी प्रमुख प्रशासकीय अधिकृत सरको खटन र विज्ञताले मलाई त्यति अप्ठ्यारो भएन। बजेट तथा योजना निर्माण गर्दा मिलाउनु पर्ने क्षेत्रगत सन्तुलन,क्रसकटिङ विषयका सम्बन्धमा उहाँको राम्रो ज्ञान भएकाले हाम्रो योजना तथा बजेटमा कसैले प्रश्न उठाउने वा नकारात्मक टिप्पणी गर्ने योजना बनेन। मलाई विश्वास छ हामीले पहिलो वर्षमा सिकेका अनुभवहरुलाई समेटेर आगामी वर्षको बजेट तथा कार्यक्रम पनि सभाको छलफलको क्रममा छ। सो सम्बन्धमा पनि तपाइहरुले दिनुभएको सुझाव सराहनीय छन्। ती कुराहरुलाई कुनै न कुनै रुपमा सम्बोधन गर्ने पर्यत्न अझै पनि हुनेछ र आगामी दिनहरुमा पनि यस्तै सकारात्मक र रचनात्मक सल्लाह सुझाव तथा सहयोगको अपेक्षा हामी गरिरहनेछौं। यो कार्यक्रममा यहाँहरु सबैको सक्रिय सहभागिताको लागि धन्यवाद व्यक्त गर्दछु। हवस् त नमस्ते!

**अध्यक्ष श्री रामसुर बुढा मगरः** हामीले पदभार गरेको दिनकै अवसरमा यो सार्वजनिक सुनुवाई कार्यक्रम तय भएको छ। यसमा धेरैजनाले यस विषयमा सक्रिय सहभागी भएर प्रश्न र सुझाव दिनुभएको छ। जसलाई हामीले यसलाई मार्गदर्शनको रुपमा लिनेछौं। गत वर्ष आजकै दिन पदभार ग्रहण गर्दै गर्दा पर्याप्त अन्यौलताका बीचबाट अवसर र चुनौति ग्रहण गरिएको थियो। संरचनागत र संस्थागत सक्षमता थिएन। कर्मचारी २ जना मात्र हुँदाबाट काम सुरु गरिएको थियो। पहिलो वर्ष भएकाले हामी सिकाइको वर्षको रुपमा लिएका छौं। यी सिकाइका आधारमा आगामी ४ वर्षको योजना पूर्ण सफलताको योजना निर्माण गर्ने आधार तय भएको छ। हामी सिकाईका चरणमा भए पनि कहीँ न कहीँ चर्चामै पनि छौं यद्यपी उत्साहित भएर भूईं छोडेर आकाशमा उड्ने होइन। आज उठेका समस्याहरुलाई आगामी योजनाहरुलाई सम्बोधन गर्न सकेमा नयाँ उचाईमा पुग्नेछौं भन्ने कुरामा विश्वस्त छु। सुरुका दिनमा कयौं कुरा हामीसँग थिएन। कानून बनाउँदा ज्ञानको अभाव, काम बनाउँदा कर्मचारीको अभाव र कानून बमोजिमको अधिकार बाँडफाँडका क्रममा पनि अन्यौलताहरु आए। हामीले विभिन्न छलफल गरेर विषयगत कामहरु आशातीत् भन्दा बढी नै प्रगति भयो यो कुरा विषयगत शाखाका प्राविधिक कर्मचारीहरुले गर्दा नै भएको हो। यस सन्दर्भमा

कृषिका खिम सर र पशु सेवाका ठान बहादुर वली सरको भूमिकालाई यहाँ बिर्सन सकिन्न । उहाँहरुले कार्यालय समय भन्नु भएन । सार्वजनिक बिदाको समय भन्नु भएन जसले गर्दा कृषि र पशु सेवामा राम्रो प्रतिफल पाइयो । भोलिका दिनमा कृषि र पशुको क्षेत्रमा अत्यन्त सम्भावनायुक्त कुरा रहेको छ ।

आफ्नै गाउँ ठाउँको इन्जिनियर भएकाले इन्जिनियरलाई अनुरोध गरियो । कन्टिन्जेन्सीबाट पारिश्रमिक पाउने गरी काममा खटाउन सफल भइयो । पछि परीक्षाको प्रतिष्पर्धामा पनि उहाँ नै सफल हुनुभयो । ओभरसियर पनि स्थानीय नै आउनुभयो । यसमा हामी भाग्यमानी छौं कि स्थानीय कर्मचारी पाइयो । शिक्षाका कर्मचारी पनि मिहिन तरिकाले खटिरहनु भएको छ । शिक्षामा ट्र्याकमा आएको छ । महिला विकासको क्षेत्र पनि सन्तोषजनक नै छ । तर स्वास्थ्य शाखाको कार्यक्रमलाई त्यति प्रभावकारी भएको मानिदैन । त्यहाँ पनि साथीहरु गर्नुपर्छ भन्ने भावना भएका साथीहरु पनि छ । अब स्वास्थ्य इकाईलाई नयाँ ढङ्गले पुनर्संरचना गरिनेछ । लेखापाल पनि जिल्लाकै सिनियर लेखापाल नै पाएका छौं । हाम्रो टिम वर्क छ । केही समस्या भयो भने छलफल गरेर अगाडि बढेका छौं ।

प्रमुख प्रशासकीय अधिकृतले हामीले अनौपचारिक ढङ्गले बोलेका सोँचेका खाँदा बस्दा गरेका कुरालाई नीतिको रुपमा ल्याइदिनु हुन्छ । यसले गर्दा ट्र्याकमा गाउँपालिका हिँडाउन सफल भइएको छ । प्रसंगवश आएका उपाय सोँचहरुलाई विषयवस्तुहरुलाई शूत्रवद्ध रुपमा ढालेर ल्याउनु भएको छ । उहाँ यो समाज र देशका लागि आशालाग्दा यूवा हो तर नखाने नसुत्ने बानीले देशलाई नै घाटा लाग्ने हो कि भन्ने चिन्ता पनि लाग्छ । कर्मचारी वर्गको यो ढङ्गको सहयोग र सहकार्यबाट यो सफलता प्राप्त भएको हो ।

नीति निर्माण धेरै राम्रा हुँदा पनि स्थानीय स्तरसम्म नपुगेको महसुस भएको छ । हामी स्वीच हौं र तलसम्म पुऱ्याउने त वायरिङले हो । कतै वायरिङमा कमी त भएको छैन । त्यसलाई समाधान गर्नका लागि हामी सबै जनप्रतिनिधि र कर्मचारी एक तहमाथि उठेर सोँच्ने र गर्ने बेला आएको छ । आजको कार्यक्रममा निकै नै प्रभावकारी र उपयुक्त उपाय र सुझावहरु पनि आए र आगामी दिनमा पनि यस्तै खालका अपेक्षा गरेका छौं । हामी जनप्रतिनिधि ५ वर्षपछि त राति गर्छु भन्दा पनि कहाँबाट गर्ने ? त्यसैले अहिले नै हामीले केही नै गर्नुपर्ने नै छ । कामकाज र कार्य जिम्मेवारी दिनरात अहिले नै गराऔं । भूमेलाई एउटा नमूना भूमेको रुपमा विकास गरौं । धन्यवाद ।

नमिता पुनः सायद लाग्छ वर्षभरिको कार्यक्रमको समीक्षा गर्ने र सुझावबाट नयाँ योजना गर्ने सार्वजनिक सुनुवाइ आज मात्र सम्पन्न गर्न पायौं । सबै सरोकारवाला जति उपस्थित हुनुपर्ने हो त्यति नभएको अवस्था छ । अलि कम भएपनि उपलब्ध सहभागीहरुको सुझाव र जिज्ञासाले हाम्रो आगामी योजनालाई मसला बनेको

छ । हामीले गतवर्ष पदभार ग्रहण गर्दै गर्दा राखेका महत्वकांक्षा सहितको प्राथमिकता ल्याएका थियौं । जसको कार्यान्वयन क्रमशः गर्दै जाने प्रतिवद्धता समेत व्यक्त गर्दछु । धन्यवाद ।

प्रतिवेदन दिएको मितिः २०७५ साल असार ३१ गते

सार्वजनिक सुनुवाई संयोजकको दस्तखतः

## परिशिष्ट १

# सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन रुपरेखा

**मिति**: २०७५ साल असार २७ गते

**समय**: बिहान ११ बजे

**१) अध्यक्षता ग्रहण तथा आसन ग्रहण**

अ) **अध्यक्षता**: सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिका संयोजक श्री नमिता पुन

आ) **आसन ग्रहण**: अध्यक्ष श्री रामसुर बुढा मगर,उपाध्यक्ष श्री मनकुमारी बुढा विष्ट, प्रमुख प्रशासकीय अधिकृत श्री चन्द्रसिंह श्रेष्ठ, इन्जिनियर श्री सन्तोष घर्ति मगर, कृषि सेवा इकाइ प्रमुख प्रा.स. श्री खिमप्रसाद रोकाय, पशु सेवा इकाइ प्रमुख प्रा.स. श्री ठान बहादुर वली, बुद्धिजिवी श्री मेघ बहादुर श्रेष्ठ

**२) कार्यक्रम शुरू भएको घोषणा**:

अ) अध्यक्षद्वारा ब्यानर खोलेर कार्यक्रम सुरुभएको घोषणा

**३) कार्यक्रमको उद्देश्य**:

अ) सार्वजनिक प्रशासनलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन नियन्त्रण प्रणालीको विकास गर्ने

आ) गाउँपालिकाको काम, कर्तव्य र अधिकारका बारेमा जानकारी गराउने

इ) चालु आर्थिक वर्षमा भएको गाउँपालिकाको क्रियाकलापका बारेमा जानकारी गराउने

ई) सेवा प्रवाहको विषयमा आएको गुनासो सुनुवाई र व्यवस्थापनको उपाय खोज्ने

उ) सेवाग्राहीको अपेक्षा संकलन गर्ने

ऊ) आगामी आवको लागि गुणस्तरीय सेवा प्रवाह र योजना कार्यान्वयनमा रणनीति बनाउनका लागि अपेक्षा तथा सुझाव संकलन गर्ने।

**४) आचारसंहिता बाचन (सार्वजनिक सुनुवाई कार्यक्रममा पालना गर्नुपर्ने आचारसंहिता)**

अ) सहभागीहरुले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

आ) सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ । जस्तोः म एउटा प्रश्न राख्न चाहन्छु)/म एउटा सुझाव दिन चाहन्छु ..................................................... ।(

इ) कार्यक्रम संयोजक/मोडेरेटरले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ ।

ई) सेवाग्राही सहभागी नागरिकहरु धेरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बढी बोल्ने समय नरहने हुँदा संयोजकले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ ।

उ) आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन ।

ऊ) चित्त नबुझेमा संयोजकको अनुमति लिएर थप प्रश्न राख्ने पाइनेछ ।

ऋ) सहभागीले बिना आधार कसैप्रति लाञ्छानायुक्त भाषाको प्रयोग गर्न पाइनेछैन ।

ऌ) सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन ।

ऍ) सुनुवाईलाई बिथोल्ने प्रयास कतैबाट भएको पाइएमा सबै सहभागी मिलेर शालिनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

ऐ) सुनुवाईलाई विषयान्तर हुनबाट बचाउन सबै सहभागीले सहयोग गर्नुपर्नेछ ।

**५) सार्वजनिक सेवा प्रवाहका बारे संक्षिप्त जानकारी**

अ) सार्वजनिक सेवा प्रवाह प्रक्रिया लगायत समग्र प्रगति प्रतिवेदन प्रस्तुतिः प्रमुख प्रशासकीय अधिकृत श्री चन्द्रसिंह श्रेष्ठ

**६) सहभागीहरुबाट तोकिएको विषयमा लिखित तथा मौखिक प्रश्नहरुको संकलन**

अ) मौखिक प्रश्नोत्तर शैलीमा

आ) लिखित प्रश्न संकलन गरेर सम्बन्धित पदाधिकारीबाट जवाफ

**७) जिम्मेवार पदाधिकारीहरुले प्रश्नको जवाफ सहित स्पष्ट पार्ने**

अ) सेवा प्रवाह र कानूनी प्रावधानका विषयमा प्रमुख प्रशासकीय अधिकृतबाट

आ) भौतिक पूर्वाधार निर्माण विकास क्रियाकलापका विषयमा इन्जिनियरबाट

इ) वार्षिक बजेट तथा कार्यक्रमका विषयमा उपाध्यक्ष तथा अध्यक्षबाट

**८) स्पष्टतापछि थप जिज्ञासा माग गर्ने**

अ) प्रश्नको जवाफपछि थप स्पष्टताका लागि जिज्ञासा भए टिपाउने (नाम ठेगाना सहित)

**९) सम्बन्धि पदाधिकारीबाट थप जिज्ञासा स्पष्टता ल्याउने**

**१०) समापन मन्तव्य, धन्यवाद ज्ञापन र कार्यक्रम विसर्जन गर्ने**

अ) गाउँपालिका उपाध्यक्ष श्री मनकुमारी बुढा विष्ट

आ) गाउँपालिका अध्यक्ष श्री रामसुर बुढा मगर

इ) समापन मन्तव्य सुनुवाइ कार्यक्रमका अध्यक्ष श्री नमिता पुनबाट कार्यक्रम विसर्जन

पेश गर्नेः

स्वीकृत गर्नेः


सार्वजनिक सुनुवाई कार्यक्रम
भूमे गाउँ कार्यपालिकाको कार्यालय
रुकुम (पूर्व)

# सार्वजनिक सुनुवाइमा समावेश हुने विषयहरु

- अघिल्लो सार्वजनिक सुनुवाइमा गरिएका प्रतिवद्धताहरु
- नागरिक प्रतिवेदन, Citizen Report Card, निर्गम अभिमतको नतिजा एवं सेवा सुविधा प्राप्तिका विषयमा प्राप्त जनगुनासो तथा सुझावको व्यवस्थापन
- वार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयन र प्रगति
- वार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयन र प्रगति

# सुनुवाई कार्यक्रमको उद्देश्य

- सार्वजनिक प्रशासनलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन नियन्त्रण प्रणालीको विकास गर्ने
- गाउँपालिकाको काम, कर्तव्य र अधिकारका बारेमा जानकारी गराउने
- चालु आर्थिक वर्षमा भएको गाउँपालिकाको क्रियाकलापका बारेमा जानकारी गराउने
- सेवा प्रवाहको विषयमा आएको गुनासो सुनुवाई र व्यवस्थापनको उपाय खोज्ने
- सेवाग्राहीको अपेक्षा संकलन गर्ने
- आगामी आवको लागि गुणस्तरीय सेवा प्रवाह र योजना कार्यान्वयनमा रणनीति बनाउनका लागि अपेक्षा तथा सुझाव संकलन गर्ने ।

# प्रस्तुतिको रुपरेखा

- सार्वजनिक सेवा प्रवाहको व्यवस्थापन
- चालु आवको नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था
- विकास गतिविधिहरुको सञ्चालन तथा व्यवस्थापनका क्रममा देखिएका समस्या र चुनौतिहरु
- गाउँ कार्यपालिकाले गरेका मुख्य मुख्य कामहरु
- गाउँ सभाबाट पारित कानून तथा निर्देशनहरु
- गाउँपालिकाको आगामी कार्यदिशा

# स्थानीय तहको निर्वाचनपछि

भूमे गाउँपालिका








## २०७४ साल असार २७



## पदभार ग्रहण

# पदभार ग्रहणको अवसरमा

- मानव विकासका लागि शिक्षा क्षेत्रमा गुणस्तर कायम गर्ने
- सामुदायिक विद्यालयहरुको गुणस्तर अभिवृद्धि गर्न नीतिगत तथा व्यवस्थापकीय पक्षमा जोड दिने
- शिक्षा क्षेत्रमा दण्ड र पुरस्कारको नीति अवलम्बन गर्ने

# कार्यपालिकाको पहिलो बैठक

- मितिः २०७४ असार २७



# कार्यपालिकाको पहिलो बैठक

- गुणस्तरीय सेवा प्रवाह व्यवस्थापनका लागि उपाध्यक्ष श्री मनकुमारी बुढा विष्टको संयोजकत्वमा कार्यदल गठन
- ग्रीन एण्ड क्लिन भूमे अवधारणा
- अति विपन्न, जनयुद्धका घाइते अपाङ्गहरुलाई सेवा शुल्कमा छूट
- सूचना तथा सञ्चार क्षेत्रको विकासका लागि आवश्यक पहल गर्ने
- प्रवक्ता तोकिएको:
- विपद् व्यवस्थापन सम्बन्धी: विपद् कोष स्थापना, समिति गठन

# सार्वजनिक सेवा प्रवाहको व्यवस्थापन

भूमे गाउँपालिका

# वडा कार्यालयबाट सेवा प्रवाह (हिजोको अवस्था)

- साविकका ५ गाविस मिलेर एउटा गाउँपालिका बनेको
- गाउँपालिकामा जम्मा वडा ९ रहेकाले नयाँ वडा कार्यालय स्थापना गर्नुपर्ने अवस्था
- स्थानीय तहको सेवा सञ्चालन सम्बन्धमा जारी गरिएको आदेश २०७३ बमोजिम प्रत्येक वडा कार्यालयमा १ जना वडासचिव, १ जना प्रशासन सहायक र १ जना कार्यालय सहयोग रहने व्यवस्था भएपनि

| पद | आवश्यक पद संख्या | भएको पद संख्या |
|---|---|---|
| वडा सचिव | ९ | ५ |
| प्रशासन तथा लखा सहायक | ९ | ५ |
| कार्यालय सहयोगी | ९ | ४ |
| | | |

# समस्या समाधान

- गाउँपालिकाका उपाध्यक्ष श्री मनकुमारी बुढा विष्टको संयोकत्वमा गठित कार्यदलले अध्ययन गरी तत्काल सेवा प्रवाह र नयाँ वडा कार्यालय स्थापनाको विषयमा सिफारिश सहितको प्रतिवेदन पेश
- गाउँ कार्यपालिकामा उक्त प्रतिवेदन उपर छलफल गरी निर्णय, गाउँसभाबाट स्वीकृति
- पञ्जिकरणको हकमा एकजना वडासचिवले दुई वा दुईभन्दा बढी वडाको कार्यालयको काम गर्ने गरी जिम्मेवारी तोकिएको र प्रशासन सहायकहरुलाई नजिकको वडा कार्यालयमा अर्को व्यवस्था नभएसम्मको लागि वडाध्यक्षलाई नियमित कामकाजमा सघाउने गरी जिम्मेवारी तोकिएको
- हाल सबै वडा कार्यालयमा प्रशासन सहायक र कार्यालय सहयोगी करार सेवाबाट पदपूर्ति

# गाउँ कार्यपालिकाको कार्यालय (हिजो)


- सुरुमा कार्यकारी अधिकृत र लेखापाल मात्र कर्मचारी
- गाउँपालिकाको नियमित सेवा प्रवाह सुचारु गर्न कठिन
- विषयगत कार्यालयबाट कर्मचारी र कार्यक्रम आउने नआउने टुङ्गो नलागेको अवस्थामा प्राविधिक कर्मचारीको अभाव
- स्थापनाकाल भएकाले कार्यजिम्मेवारी र कार्यबोझ अधिकः जनशक्तिको अभाव
- नियमित सेवा प्रवाहका क्रममा आउने समस्या समाधानका लागि स्पष्ट नीति नियमको अभाव
- कार्य सम्पादनका क्रममा खड्किएका समस्या समाधान गर्न आवश्यक पर्ने कानून पहिचान गर्न कठिन

# समस्या समाधान (गाउँ कार्यपालिका)

- जनप्रतिनिधि र कर्मचारी मिलेर कार्यालय समयभन्दा अघिपछि छलफल, गृहकार्य र कार्यालयको नियमित कार्यसम्पादन
- विषयगत कार्यालयहरुसँग ताकेता र समन्वय
- वार्षिक योजनामा समावेश योजना/परियोजनाहरु कार्यान्वयनका लागि प्राविधिक कर्मचारी नभइनहुने अवस्था र करारमा समेत भर्ना गर्न नमिल्ने कानूनी बाध्यताका बावजूद कन्टिन्जेन्सीबाट पारिश्रमिक पाउने गरी इन्जिनियरसँग सम्झौता
- विषयगत कार्यालयहरुबाट कर्मचारीहरुको खटनपटन (कृषि, पशु, महिला तथा बालबालिका कार्यालय, शिक्षा)
- प्राविधिक कर्मचारी करारमा भर्ना गर्ने कानूनी बाटो खुलाः इन्जिनियर, ओभरसियर तथा सूचना प्रविधि अधिकृत र कम्प्यूटर अपरेटर तथा कार्यालय सहयोगीको भर्ना

# सेवा प्रवाहलाई स्पष्ट र दुरुष्ट बनाउन

- नागरिक वडापत्रको व्यवस्थाः बुकलेट र अडियो भिडियो
- गुनासो सुनुवाइ संयन्त्रः गुनासो सुन्ने अधिकारी प्रमुख प्रशासकीय अधिकृत
- सूचना अधिकारीः लेपा श्री देवीराम थापा
- वडा कार्यालयको सूचना अधिकारीः वडा सचिव
- वडा कार्यालयको तत्काल गुनासो सुन्ने अधिकारीः वडाध्यक्ष
- गुनासो पेटिकाको व्यवस्थाः
- नोटिस बोर्ड सेवा सुचारुः
- तीन तीन महिनामा कार्यालयले आफूले गरेका कामहरुको विवरण वेबसाइट मार्फत सार्वजनिक गर्ने गरेको
- वेबसाइट तथा सामाजिक सञ्जाललाई नियमित अपडेट गर्ने गरिएको






भूमे गाउँपालिका

# ..... नं. वडा कार्यालय

रुकुम (पूर्व)

५ नं प्रदेश, नेपाल




## वडा कार्यालयबाट विभिन्न सिफारिस दिंदा अपनाउनु पर्ने कार्यविधि

**सेवा प्रदान गर्ने कार्यालय:** नं. वडा कार्यालय,

**सेवा प्रदान गर्ने अधिकारी:** वडा अध्यक्ष/का.बा.वडा अध्यक्ष/वडा सचिव, सम्बन्धित फाँटका कर्मचारी

**सेवा प्राप्त गर्दा लाग्ने समय:** सोही दिन, सर्जमिनको हकमा बढीमा ३ दिनभित्र (*सेवाको प्रकृतिको आधारमा*)

| क्र.सं. | सेवाको किसिम | आवश्यक पर्ने कागजातहरु | सेवा सुविधा प्राप्त गर्न आवश्यक पर्ने प्रक्रिया |
|---|---|---|---|
| 1. | नगारिकता र प्रतिलिपि सिफारिस | १) निवेदन पत्र र आमा र बुबाको नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>२) जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि<br>३) विवाहित महिलाको हकमा पति र आमा र बुबाको नागरिकता प्रमाण पत्रको प्रतिलिपि<br>४) चारित्रिक प्रमाणपत्रको प्रतिलिपि (विद्यार्थीको हकमा)<br>५) विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि (विवाहिताको हकमा)<br>६) बसाई सरी आएको हकमा बसाई सराईको प्रमाण पत्रको प्रतिलिपि<br>७) दुवै कान देखिने पासपोर्ट साईजको फोटो २ प्रति<br>८) चालु आ.व. सम्मको मालपोत र घर जग्गा कर वा एकीकृत सम्पत्ति कर तिरेको रसिद वा कर निर्धारण स्वीकृत भएको कागजात<br>९) कर्मचारी परिवारको हकमा सम्बन्धित कार्यालयको सिफारिस<br>१०) प्रतिलिपि नागरिकताको हकमा पुरानो नागरिकताको प्रतिलिपि | १) निवेदन सहित तोकिएको कागजातहरु पेश गर्ने<br>२) वडा अध्यक्ष/का.बा.वडा अध्यक्ष/वडा सचिवले सम्बन्धित<br>३) निवेदन दर्ता गर्ने<br>४) तोकिएको कर्मचारीले आवश्यकता अनुसार सर्जमिन मुचुल्का तयार गरी सिफारिस तयार गर्ने<br>५) निवेदकले तोकिएको शुल्क बुझाउने<br>६) चलानी गरी निवेदकलाई सिफारिस उपलब्ध गराउने<br>७) तोकिएको ढाँचामा नागरिकता सिफारिसको अभिलेख राख्ने। |
| 2. | नबालक परिचयपत्र सिफारिस | १) बाबु आमाको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र निवेदन पत्र<br>२) जन्म दर्ताको प्रमाणपत्र प्रमाणित प्रतिलिपी<br>३) चालु आ.व. सम्मको मालपोत र घर जग्गा कर वा एकीकृत सम्पत्ति कर तिरेको | १) निवेदन सहित तोकिएको कागजातहरु पेश गर्ने<br>२) वडा अध्यक्ष/का.बा.वडा अध्यक्ष/वडा सचिवले सम्बन्धित कर्मचारीलाई तोक आदेश गर्ने<br>३) निवेदन दर्ता गर्ने |

# नीति तथा कार्यक्रमको प्रगति अवस्था

आर्थिक वर्ष २०७४/०७५

# नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था

| नीति तथा कार्यक्रममा उल्लेखित विषय | प्रगतिको अवस्था |
| --- | --- |
| राजस्व तथा कर प्रशासनमा सुधारः कर प्रशासनलाई वस्तुगत र प्रोत्साहनमूलक बनाउने | अपेक्षित प्रगति हासिल हुन नसकेको<br>आगामी आवको लागि वडागत बजेट वितरणमा कर सक्षमतालाई समेत आधार बनाइएको |
| लक्षित वर्ग तथा समुदायमा रहेका परंम्परागत कुटिर उद्योगहरुलाई प्रवर्द्धन | घरेलु तथा साना उद्योग कार्यालयसँगको सहकार्यमा भगत सर्वजित लगायतका कार्यक्रम सञ्चालन गरी पेशामा आवश्यक सामान समेत वितरण |
| आर्थिक तथा सामाजिक रुपले पछि परेका कृषक केन्द्रित कार्यक्रमहरुलाई अझ प्रभावकारी रुपले सञ्चालन गरिने | कृषि शाखाबाट ५० देखि ७० प्रतिशतसम्म अनुदानमा आधारित कार्यक्रम सञ्चालित भएको<br>माटो परीक्षण, कृषक पाठशाला, तालिम सम्पन्न |
| कृषि उपज संकलन केन्द्रको स्थापना गर्ने | खाबाङ बगरमा कृषि उपज संकलन केन्द्र निर्माण सम्पन्न |
| पशुजन्य उत्पादन प्रोत्साहनका कार्यक्रमहरुलाई प्राथमिकताका साथ कार्यान्वयन | पशु सेवा इकाइबाट नश्ल सुधारका लागि राँगो, बोका वितरण<br>पशुपालन, मासु पसल व्यवस्थापन लगायत तालिम सम्पन्न |

# नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था

| नीति तथा कार्यक्रममा उल्लेखित विषय | प्रगतिको अवस्था |
|---|---|
| उत्पादनको पहिचान गरी कृषि पकेट क्षेत्र छनौट गरेर नगदे बालीमा प्रोत्साहन | साविकको प्रधानमन्त्री कृषि आधुनिकीकरण अन्तर्गत सञ्चालित आलु पकेट क्षेत्रलाई आर्थिक तथा प्राविधिक सहयोग<br>यस वर्ष केरा पकेट क्षेत्र कार्यक्रम कार्यान्वयन |
| हाइड्रो पावरको योजना बनाई स्थानीय जनताको समेत सेयर लगानी सुनिश्चितका लागि आवश्यक पहल गरिनेछ । निर्मित तथा निर्माणाधीन लघु तथा साना जलविद्युत आयोजनाहरुलाई व्यवस्थित गरिने | आशातीत प्रगति हासिल नभएको । समन्वयात्मक र अद्यावधिक कार्य भएको ।<br>साना जलविद्युतहरुको मर्मत विस्तारका लागि पूर्वाधार व्यवस्थापन |
| अन्तर गाउँपालिका, अन्तर वडा र अन्तर गाउँसम्म सडक संजालको सुनिश्चतता र सडक सुचारू गर्ने | ६ वटा ग्रामीण सडकको नयाँ ट्र्याक खोलिएको<br>हेभी इक्विपमेन्ट समेत खरिद गरिएको |
| भूमे गाउँपालिकामा एकीकृत, व्यवस्थित, वैज्ञानिक, सुरक्षित र हरित गाउँ शहर निर्माणको लागि गुरु योजना बनाईनेछ | गुरुयोजना निर्माण कार्य सम्पन्न भएको |
| नमूना सरसफाइयुक्त गाउँपालिका निर्माण गर्न ३ वर्षे सरसफाइ कार्ययोजना बनाई कार्यान्वयन गरिने | कार्ययोजना तयार<br>केही टोलहरु छनौट गरी हरित टोल हरियो घर कार्यक्रम कार्यान्वयन भएको |

# नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था

| नीति तथा कार्यक्रममा उल्लेखित विषय | प्रगतिको अवस्था |
|---|---|
| मुहान संरक्षणको लागि आवश्यक व्यवस्था मिलाईनेछ फोहोर व्यवस्थापनका लागि घरघरमा कुहिने र नकुहिने फोहोर वर्गीकरण गरी संकलन गर्ने कार्य कडाइका साथ कार्यान्वयन गरिनेछ । सार्वजनिक स्थल र विद्यालयहरुमा शौचालय निर्माण र फोहर व्यवस्थापनका लागि आवश्यक सामग्रीहरुको निःशुल्क व्यवस्था गरिने | खानेपानी तथा सरसफाईको क्षेत्रमा प्रचारप्रसार र प्रवर्द्धनात्मक कार्य भएको ।<br>विद्यालयहरुमा फोहर व्यवस्थापनका लागि साझेदार निकायसँग समन्वय गरी डस्टविन निःशुल्क वितरण गरिएको |
| प्राकृतिक, ऐतिहासिक र सांस्कृतिक पर्यटन तथा युद्ध पर्यटन प्रवर्द्धनको लागि भाषा, कला, संस्कृतिको पहिचान, अध्ययन, संवर्द्धन, संरक्षण, विकास र प्रचारप्रसारको लागि आवश्यक पूर्वाधार विकासमा जोड | गाउँपालिकाको डकुमेन्ट्री, गुरिल्ला पदमार्गको डकुमेन्ट्री र बुकलेट निर्माण सम्पन्न<br>बृहत खुला सांस्कृतिक कार्यक्रम सम्पन्न<br>यूद्ध पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार निर्माण |
| युवा शक्तिलाई उद्यमशिलता, स्वरोजगार र आय आर्जनमा केन्द्रित गर्न तत्काल छोटो अवधिको तालिम दिइनेछ | हाउस वायरिङ, होमस्टे, आरन सुधार, उद्यमशीलता विकास सम्बन्धी तालिम सम्पन्न भई आवश्यक सामाग्री समेत वितरण गरिएको<br>यूवा तथा खेलकूद क्षेत्रमा फिल्ड निर्माण, खेलकूद कार्यक्रम आयोजना, खेलाडी व्यवस्थापन लगायत प्रवर्द्धनात्मक कार्य भएको |

# नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था

| नीति तथा कार्यक्रममा उल्लेखित विषय | प्रगतिको अवस्था |
|---|---|
| सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर अभिवृद्धि | सामुदायिक विद्यालयहरुमा गुणस्तरीय शिक्षा कायम गर्न कम्प्यूटर ल्याब, बालमैत्री वातावरण निर्माण कार्य<br>विद्यालयहरुमा स्वयंसेवक शिक्षक परिचालन |
| लक्षित वर्गको हकहित सुनिश्चितता | उपभोक्ता समितिमा लक्षित वर्गको अर्थपूर्ण सहभागितालाई सुनिश्चितता गरिएको<br>लक्षित वर्गलाई प्रत्यक्ष अप्रत्यक्ष हित हुने खालका कार्यक्रम सबै वडामा सञ्चालित |
| सूचना तथा संचारको सहज पहुँच स्थापना गर्न सार्वजनिक संस्थान तथा निर्जी क्षेत्रको आगमनलाई प्रवर्द्धन गरिनेछ | सूचना तथा सञ्चार क्षेत्रमा उल्लेख्य प्रगति नभएपनि गाउँपालिकासम्म इन्टरनेट विस्तार<br>यस वर्ष २ ठाउँमा नेपाल टेलिकमको टावर निर्माण हुँदै |
| सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, प्रविधियुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै लगिनेछ | सार्वजनिक प्रशासनमा दण्ड र पुरस्कारको नीति लागू गरिएको |
| सूचना तथा तथ्याङ्क व्यवस्थापन | तथ्याङ्क अद्यावधिक भैरहेको र सूचना केन्द्र स्थापना गर्न कानूनी बाटो खुलाः भौतिक पूर्वाधारको अभावमा ओझेल |

# विकास गतिविधिहरुको सञ्चालन तथा व्यवस्थापनका क्रममा देखिएका समस्या र चुनौतिहरु

भूमे गाउँपालिका

# उपभोक्ता समितिबाट हुने कमजोरी

- काम सम्पन्न भएपनि भुक्तानी लिन असारमा आउने प्रवृत्ति
- सम्झौता नगरी काम शुरु गर्ने
- एक जना व्यक्ति दुई वा दुईभन्दा समितिमा दोहोरिन सक्ने
- जनश्रमदान कागजमा मात्र सिमित हुन सक्ने
- विनियोजित बजेटबाटै उपभोक्ता समितिका सदस्य परिचालनमा लाग्ने खर्च व्यहोर्दा विकास कार्य सोँचे भन्दा कम हुन सक्ने
- टुक्रे बिल भरपाई (२० हजारभन्दा माथिको बिलमा अनिवार्य भ्याट बिल लिनुपर्नेमा टुक्रा पारेर किन्ने प्रवृत्ति)
- सार्वजनिक लेखा परीक्षण नगर्ने
- अनुगमन समितिको सिफारिश नलिने

# गाउँ कार्यपालिकाले गरेका मुख्य मुख्य कामहरु

भूमे गाउँपालिका

# गुरुयोजना निर्माण

- गाउँपालिकाको शिक्षा, स्वास्थ्य, पूर्वाधार, सडक, यातायात, बिजुली, वन तथा वातावरण लगायतका विभिन्न क्षेत्रहरुको विकास योजनाका लागि एकीकृत गुरुयोजना निर्माण भई स्वीकृत भएको छ ।



# स्वयंसेवा कार्यक्रम

- उपाध्यक्षज्यूको संयोजकत्वमा गठित कार्यदलले अध्ययन प्रतिवेदन पेश
- विभिन्न क्षेत्रमा विषयगत स्वयंसेवकहरुलाई परिचालन गर्दा जनशक्तिको ज्ञान सीप अभिवृद्धि हुनुका साथै संस्थालाई कार्यसम्पादनमा टेवा पुग्ने ।
- निर्वाहभत्ता सहित स्वयंसेवक खटाउँदा रोजगारीको समस्या समाधानमा समेत केही टेवा पुग्ने
- युवा पलायन रोक्नमा सहयोग पुग्ने





# रोजगारी लक्षित तालिम




- होम स्टे तालिम
- आरन सुधार तालिम
- हाउस वायरिङ तालिम
- यूवा उद्यमशीलता विकास तालिम
- फलफूल खेती अगुवा कृषक तालिम
- बाख्रापालन सम्बन्धी तालिम
- महिलाहरुको क्षमता विकास सम्बन्धी तालिम
- जनप्रतिनिधिहरुको क्षमता विकासका लागि तालिम
- कर्मचारीहरुका लागि सूचना प्रविधि सीप तालिम

# सूचना तथा सञ्चार प्रविधिको विकास

- गाउँपालिका कार्यालयसम्म इन्टरनेट विस्तार गरिएको
- गाउँ कार्यपालिकाको कार्यालयमा योजना कार्यान्वयनका लागि योजना व्यवस्थापन प्रणाली सफ्टवेयर जडान
- जिन्सी व्यवस्थापन सफ्टवेयर जडान
- गाउँपालिका तथा वडा कार्यालयका लागि राजस्व व्यवस्थापन प्रणाली सफ्टवेयर खरिद भई जडान कार्य बाँकी
- गाउँपालिकाको वेबसाइटलाई नियमित अपडेट गर्ने गरिएको
- नोटिस बोर्डबाट समेत सूचना प्राप्त गर्न सकिने व्यवस्था मिलाइएको

# मोबाइल एपको विकास

- गुगल प्लेस्टोरमा गएर Bhume खोजेपछि Bhume Rural Municipality सजिलै भेटिन्छ । जसलाई एण्ड्रोइड फोनमा install गर्न सकिन्छ।
- गाउँपालिकाका गतिविधिहरु, सूचना तथा जानकारीहरु तथा अभिलेखहरु सहजै रुपमा हत्केलामै प्राप्त गर्न सकिने ।
- घरमुलीको नाम ठेगाना समेत खोज्दा भेटिने प्रणालीको विकास भैरहेको ।

# सफ्टवेयर प्रणालीको विकास

- योजना सम्बन्धी सफ्टवेयरः आगामी आवदेखि कार्यान्वयन गरिने
- राजस्व सम्बन्धी सफ्टवेयरः आगामी आवदेखि गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा कार्यान्वयन गरिने
- जिन्सी सम्बन्धी सफ्टवेयरः जिन्सी व्यवस्थापनका लागि गाउँ कार्यपालिका र वडा कार्यालयमा समेत लागू गरिने
- विद्यालय ड्र्याक सिस्टमः इह्राजिरी, विद्यार्थी विवरण सफ्टवेयर प्रणाली

# विपद् कोष स्थापना

- गाउँपालिका अन्तर्गतका सार्वजनिक निकायबाट तलबभत्ता प्राप्त गर्ने सबै जनप्रतिनिधि तथा कर्मचारीहरुले वर्षको २ दिन बराबरको तलबभत्ता विपद् कोषमा जम्मा गर्ने नीतिगत व्यवस्था
- विपद् कोष सञ्चालन कार्यविधि बमोजिम क्षतिका आधारमा विपद् कोषबाट राहत उपलब्ध गराइएको
- विपद् व्यवस्थापनका लागि चालु आर्थिक वर्षमा आवश्यक तारजाली सामाग्रीहरु खरिद गरिएको

# पशु सेवा इकाईबाट कार्यान्वयन भएका मुख्य काम

- ५० प्रतिशत बैर बोका ९ वटै वडामा वितरण
- आन्तरिक तथा बाह्य औषधी तथा उपकरण वितरण ९ वटै वडामा
- मुर्रा राँगो १ वटा वितरण
- जुनेटिक रोग सम्बन्धी तालिम
- अनुगमन नियमन
- तालिम (बाख्रापालन, जुनोटिक रोग, पशु स्वास्थ्य तथा जनस्वास्थ्य बारे स्कुल शिक्षा लगायत)
- ४ जना पशु प्राविधिकहरु नजिकको वडा कार्यालयको सम्पर्कमा रहेर सेवा प्रवाह गरिरहेको ।
- पशु स्वास्थ्य चेक जाँच नियमितः
- भ्याक्सिन, सरुवा रोग विरुद्ध भ्याक्सिन सबै वडामा
- ९ वटै वडामा बाख्रापालन समूह १ वटा स्थलगत तालिम
- डेरी उत्पादनतर्फ झुम्लाबाङमा भैसीपालन
- १ दिने पशु स्वास्थ्य शिविर सम्पन्न
- बहुवर्षीय घाँसको बिउ खरिद
- पशु तथ्याङ्क संकलन
- बहुक्षेत्रीय पोषण परियोजना बमोजिम

# कृषि विकास इकाइबाट कार्यान्वयन भएका मुख्य काम

- कृषि प्रसार आयोजनाः घुम्ती शिविर, माटोपरीक्षण, पुरानो बगैचा सुधार कार्यक्रम सम्पन्न
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाः आलु पकेट क्षेत्र
- तरकारी कम्पोजित, उन्नत बीउ, पिबिएस आलु दाना वितरण, आधुनिक मेशिन वितरण, गुणस्तरीय आलु प्रदर्शनी
- सहकारी तथा साना सिंचाई कार्यक्रम पोखरी सिंचाइ कार्यक्रम
- विभिन्न तालिमहरु
- नास्पतिको ४०० साइन जडान
- च्याउको बिउ १७० बोटल वितरण
- आलु तथा तरकारी मसला बाली कार्यक्रमः टनेल बिउ वितरण
- मासु पसल अनुगमन तथा प्रतिवेदन




पकेट क्षेत्र विकास कार्यन्वयन क्षमता
अभिवृद्धि गोष्ठी
मिति २०७५/०३/१० देखि ११ सम्म




Beauty Plus



# महिला तथा बालबालिका इकाईबाट भएका

- सबै वडामा समूह गठन
- साविकका समूहलाई पुनर्ताजगी कार्य भएको
- आमा समूह, महिला समूहलाई स्थलगत तालिम अभिमुखीकरण सम्पन्न
- बहुक्षेत्रीय पोषण, स्वास्थ्य, किशोरी शिक्षा, बालविवाह न्यूनिकरण, लैंगिक हिंसा निवारण लगायतका विषयमा छलफल, अन्तरक्रिया गोष्ठी सम्पन्न
- विभिन्न दिवसहरुमा नारीहरुलाई सहभागी गराई सचेतना फैलाइएको
- बालसंरक्षण, विपन्न बालबालिका सहयोग कार्यक्रम
- लैङ्गिक हिंसा विरुद्वका क्रियाकलापहरु

# गाउँ सभाबाट पारित कानून तथा निर्देशनहरु

भूमे गाउँपालिका

# गाउँसभा तथा कार्यपालिकाबाट पारित कानूनहरु

| कानूनको प्रकार | संख्या |
|---|---|
| ऐन | १० |
| नियमावली | ४ |
| कार्यविधि | ११ |
| निर्देशिका | ३ |
| मापदण्ड | ३ |
| निर्देशिका | २३ |

# गाउँपालिकाको आगामी कार्यदिशा (सुझाव संकलन)

भूमे गाउँपालिका

# वार्षिक योजना कार्यान्वयन

- सबै पक्षबाट आवश्यक सल्लाह सुझाव नियमित संकलन गरिने
- उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाका सम्बन्धमा योजना सम्झौता पूर्व उपभोक्ता समितिका अध्यक्ष र सचिवलाई अभिमुखीकरण अनिवार्य
- योजना कार्यान्वयन तालिका बमोजिम मात्र गर्ने । कार्यान्वयन तालिकामा म्याद नाघी आएमा आवश्यक कारबाही नहुने ।
- योजना सम्झौतापूर्व लागत अनुमान अनिवार्यः स्वीकृत लागत इष्टिमेट विपरित कामको कुनै पनि भुक्तानी नहुने
- हरेक उपभोक्ता समितिको दर्ता अभिलेख व्यवस्थित गरिने
- समयमै उत्कृष्ट कार्य सम्पादन गर्ने समितिलाई पुरस्कार र कार्य सम्पादन सन्तोषजनक नहुने समितिलाई कारबाहीको नीति अवलम्बन
- गाउँपालिका र कार्यान्वयनकर्ता बीचको आचारसंहिता माथि छलफल

# सेवा प्रवाह व्यवस्थापन

- बैंक रहेको स्थानका नजिकका वडामा सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीबाट वितरण सुरू गरिने
- वडा कार्यालयबाट गरिने कामलाई डिजिटल प्रविधिमा रुपान्तरण गर्ने
- संस्थागत विकास र संस्थागत स्मरणलाई प्रभावकारी बनाउन नयाँ र पुराना सबै अभिलेखलाई कम्प्यूटराइज्ड गर्ने
- कार्यालयको कामलाई सूचना प्रविधिमा आधारित सेवा प्रवाहको लागि प्रणाली विकास र क्षमता विकास तालिमलाई जोड दिइने
- जनप्रतिनिधि र कर्मचारीहरुलाई कार्यक्षेत्र, कार्यवातावरण र कार्यजिम्मेवारीका सम्बन्धमा अभिमुखीकरण, अध्ययन, भ्रमण कार्यक्रममा जोड
- अनुगमन प्रणालीलाई कार्य जिम्मेवारी बाँडफाँड र वस्तुगत गराइने
- दण्ड र पुरस्कारको नीति अपनाइने

# कर प्रशासन

- हामीले तिरेको कर हाम्रै लागि भन्ने मान्यताका साथ सबै नागरिकलाई करको दायरमा लिने
- वस्तुगत र वैज्ञानिक कर प्रणालीको विकास र अवलम्बन
- राजस्व चुहावटलाई नियन्त्रण गर्ने संयन्त्र र प्रणालीको विकास गर्ने

# सुशासन प्रवर्द्धन

- वार्षिक नीति तथा योजनाको जानकारीमा सबैको सहज पहुँचका लागि वडागत रुपमा कार्यान्वयन हुने वार्षिक योजनाहरु वडा कार्यालयहरुमा फ्लेक्स प्रिन्ट गरी राख्ने
- राजस्वको दर र दायराका बारेमा सबै वडा कार्यालयमा प्रकाशन गर्ने
- सार्वजनिक सुनुवाइका कार्यक्रम कम्तीमा २ पटक गरिने
- नागरिक सन्तुष्टि सर्वेक्षण र गुनासो सुनुवाइ संयन्त्रको विकास गर्ने
- मोबाइल एप, वेबसाइट र सामाजिक सञ्जाललाई सूचना प्रवाह र सुझाव संकलनको स्रोतको रुपमा विकास गरिने
- सूचना तथा अभिलेख केन्द्रको स्थापना गर्ने

# धैर्यताका लागि धन्यवाद

भूमे गाउँपालिका